# USER MANUAL

## FOR

## FERTILIZER MANAGEMENT SYSTEM SOFTWARE

## KRISHI SAMAGRI COMPANY LIMITED

## HEAD OFFICE, KATHMANDU

**www.kscl.gov.np**

**PREPARED BY:**


**LILADHAR OLI**

## 1. Fundamental Materials (आधारभूत सामग्रीहरु)

सफ्टवेयरमा डाटाहरु इन्ट्री गर्नका लागि सहकारीले निम्नानुसारका आधारभूत सामग्रीहरुको व्यवस्थापन गर्नुपर्नेछः-


- कम्प्युटर/मोबाइल/ट्यावहरु मध्ये कुनै एक उपकरण,
- इन्टरनेट,
- युजरनेम र पासवर्ड, (सुरुमा कृषि सामग्री कम्पनीबाट लिन सकिने)
- ब्राउजर (गुगल क्रोम, मोजिला, ओपेरा आदि)
- सफ्टवेयरमा प्रयोग हुने भाषाः अंग्रेजी वा नेपाली युनिकोड

  (नोटः एक कम्प्युटरबाट अर्को कम्प्युटरमा सपोर्ट लिन/दिन Any Desk सफ्टवेयर आफ्नो कम्प्युटरमा डाउनलोड गरेमा सजिलो हुनेछ। उक्त सफ्टवेयर https://anydesk.com/en लिङ्कबाट सिधै डाउनलोड गरी आफ्नो कम्प्युटरमा Install गर्न सक्नुहुनेछ )




## 2. Sign In (सफ्ट्वेयर प्रवेश)

- कुनै एउटा ब्राउजर खोल्नुहोस् ।
- ब्राउजरको Address Bar मा गएर fms.kscl.gov.np टाइप गरी Enter थिच्नुहोस् ।
- सफ्टवेयरमा प्रवेश गर्न आफ्नो युजरनेम र पासवर्ड टाइप गरी Sign In मा क्लिक गर्नुहोस् ।




- लगिन गरे पश्चात तल राखिए अनुसारको ड्यागसवोर्ड खुल्नेछ।





- नोटः यदि युजर पासवर्ड बिर्सिएमा Forget Password मा क्लिक गरी उपलब्ध निर्देशन अनुसार Password Reset गर्न सकिनेछ ।

## 3. Purchase (खरिद)

कृषि सामग्री कम्पनी लिमिटेडको कुनै पनि शाखाबाट खरिद गरेको सामानको विवरण यो मेनुबाट हेर्न सक्नुहुनेछ। यदी तपाईले खरिद गरे अनुसारका परिमाण त्यहाँ नदेखिएमा तत्काल सम्बन्धित कृषि सामग्रीको शाखा कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।


## 4. Retail Sale (खुद्रा विक्री)

- सर्वप्रथम **Sales** मा क्लिक गर्नुहोस् ।
- त्यसपछी दायाँ साइडमा **Add New** बटन आउँछ, त्यहाँ क्लिक गर्नुहोस् ।
- त्यसपछी निम्नानुसारको किसानको विवरण भर्नुहोस् ।




- **माथिको चित्रमा रातोघेरा लगाईएको ठाउँमा निम्नानुसारका विवरणहरु भर्नुहोस् ।**
  - **Mobile:** यहाँ किसानको सही मोबाइल नम्मबर राख्नुहोस् । जुन तपाईले एकचोटी राखेपछी त्यही मोबाइल नम्बरको आधारमा किसानको सम्पुर्ण विवरण सेभ हुनेछ ।
  - यदी तपाईले पहिले नै मल बिक्री गरी विवरण इन्ट्री गरेको किसान भएमा उक्त किसानको मोबाइल नम्बर राख्न बित्तिकै निजको अन्य विवरण आँफै आउनेछ तर नयाँ किसान मल लिन आएमा एकचोटी किसानको सम्पूर्ण विवरण राख्नुपर्ने हुन्छ ।
  - **Farmer Name:** यहाँ किसानको पुरा नाम लेख्नुहोस्। जस्तैः Hari Prasad Parajuli

  - **Land Area:** यहाँ उक्त किसानसँग भएको जमिनको क्षेत्रफल इन्ट्री गर्नुहोस् । जमिनको इकाइ छान्न सक्नुहुनेछ । जस्तै : 1 Ropani
  - **Citizen ID:** किसानको नागरिकता नम्बर इन्ट्री गर्नुहोस् । जस्तै : 123/61
  - **Address:** किसानको वास्तविक ठेगाना छान्नुहोस्। जस्तै : Tansen, Palpa
  - **Ward No:** किसानको वडा नं. इन्ट्री गर्नुहोस् ।
- **यसरी किसानको विवरण भरिसकेपछी उक्त ब्यक्तिले लिएको सामानको विवरण निम्नानुसार भर्नुहोस् :**




- **Bill No. : किसानलाई बिक्री गरेको बिल नम्बर इन्ट्री गर्नुहोस् ।**
- **Date:** किसान मल बिक्री गरेको मिति छान्नुहोस् ।
- **Commodity:** किसानलाई बिक्री गरेको मलको नाम छान्नुहोस् ।
- **KG:** किसानलाई बिक्री गरेको परिमाण केजीमा इन्ट्री गर्नुहोस् । जस्तै : कुनै किसानले २ बोरा युरिया मल लिएको हो भने KG भनेको ठाउँमा 100 मात्र इन्ट्री गर्नुहोस् ।
- यति गरेपछी **BAG** र **MT** मा आफै परिमाण आउँने हुँदा त्यहा केही गर्नु पर्दैन ।
- **Rate :** यदि तपाईले **Setting** मा गएर बिक्री रेट सेटिङ गरि सक्नु भएको छभने रेट आफै आउँछ, गर्नुभएको छैन भने यहाँ रेट प्रति बोराका दरले इन्ट्री गर्नुहोला ।
- **Amount** र **Total Amount** आफै आउने हुँदा केही गर्नु पर्दैन ।

- **Purpose:** किसानले मल कुन उद्देश्यका लागि लिएको हो त्यो अनुसार टिक मार्क लगाउनुहोस् ।
- **Remarks:** उक्त किसानको केही थप कैफियत राख्न पर्ने भएमा लेख्नुहोस् नत्र Save Changes मा क्लिक गर्नुहोस् ।

अब, तपाईले एउटा किसानको पुरा विवरण सहित बिक्री पोष्टिङ गर्नुभयो । यसरी नै अन्य डाटाहरु राख्दै जान सक्नुहुनेछ ।

5. **Stock (मौज्जात)**

   आफ्नो कार्यालयको मौज्दात हेर्न यो मेनु प्रयोग गर्न सक्नुहुनेछ ।

6. **New Registration (नयाँ दर्ता)**

   **Farmer (किसान)**

   - यो मेनुबाट कारोवार नगरेका नयाँ किसानहरुको विवरण Add New बटनबाट भर्न अथवा पहिले कारोबार गरेका किसानहरुको कुनै विवरण सच्याउन परेमा Edit अप्सनबाट सच्याउन सक्नुहुनेछ।

   **User (प्रयोगकर्ता)**

   - एउटा सहकारीमा एक भन्दा बढी युजरले विवरण इन्ट्री गर्न पर्ने अवस्था भएमा यहाँबाट अन्य युजरहरु बनाउन सक्नुहुनेछ ।

7. **Report :** यहाँबाट तपाईले आफ्नो कारोवारको रिपोर्ट हेर्न सक्नुहुनेछ ।

8. **Setting: यो मेनुबाट निम्नानुसारका सेटिङहरु मिलाउन सक्नुहुनेछः**
   a. **Rate Setting:** यहाँ मलको बिक्री रेट प्रतिबोरामा राख्न सक्नुहुनेछ, यहाँ एकचोटी रेट सेटिङ मिलाउनु भयो माथी उल्ले गरिएको ठाउँमा बिक्री रेट अटो जानेछ ।
   b. **OTP (One Time Password):** यहाँबाट OTP अन गरेमा तपाईले सफ्टवेयर लगिन गर्दा युजर आइडी, पासवर्डका साथै OTP कोड पनि खोज्नेछ । उक्त कोड तपाईको दर्ता भएको इमेलमा जानेछ । यदी OTP अफ नै राखेमा सफ्टवेयर लगिन गर्दा युजर आइडी र पासवर्डले मात्र लगिन हुनेछ । यो थप सुरक्षाका लागि राखिएको हो ।
   c. **Password:** यहाँबाट तपाईले आफ्नो पासवर्ड परिवर्तन गर्न चाहेमा परिवर्तन गर्न सक्नुहुनेछ ।
   d. **Profile:** यहाँबाट तपाईले आफ्नो प्रोफाइलको नाम परिवर्तन गर्न चाहेमा गर्न परिवर्तन गर्न सक्नुहुनेछ ।

## बाराम्बार सोधिने प्रश्नहरु

**१: पासवर्ड बिर्सिएमा के गर्ने ?**

- उत्तरः पासवर्ड बिर्सिएमा Forget Password मा क्लिक गर्ने । पासवर्ड रिसेटको लागि तपाईको युजर आइडि कायम गरेको इमेलमा रिसेट लिङ्क प्राप्त हुनेछ, त्यहाँबाट नयाँ पासवर्ड राख्ने ।

**२. इन्ट्री गर्ने क्रममा बिक्री डाटाहरु गलत भएमा कसरी सच्याउने ?**

- Sales मा क्लिक गर्ने, जुन डाटा सच्याउनुपर्ने हो त्यसको ठिक दायाँतिर Edit अप्सनमा क्लिक गरेर आवश्यकता अनुसार विवरण सच्याउने ।

**३. सफ्टवेयरमा डाटा इन्ट्री नगरे हुदैन ?**

- अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ र बिक्रेता व्यवस्था कार्यविधी, २०७७ मा उक्त व्यवस्था गरिएको हुँदा सो अनुसार अनिवार्य डाटा इन्ट्री गर्नु पर्ने हुन्छ ।

**४. अनलाईन डाटाहरु राखको लागि सहयोग चाहिएमा कहाँ सम्पर्क गर्ने ?**

- कृषि सामग्री कम्पनी लिमिटेडको सम्बन्धित शाखा कार्यालयसँग सम्पर्क गर्ने ।

धन्यवाद !